# विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति, २०७६

**प्रदेश सरकार**

आन्तरीक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं ५, बुटवल

२०७६

## विषयसूची

१ पृष्ठभूमि .......... 3
२ दिर्घकालीन सोच .......... 4
३ ध्येय .......... 4
४ लक्ष्य .......... 4
५ उद्देश्यहरू .......... 4
६ अवधारणा .......... 5
७ नीति .......... 6
७.१ विपद् जोखिम आँकलन एवं बुझाइ .......... 6
७.२ विपद् जोखिम शासकीय पद्धति .......... 7
७.३ विपद् जोखिम न्यूनीकरणमा लगानी प्रवर्द्धन .......... 9
७.४ विपद् पूर्वतयारीको सुदृढीकरण .......... 11
८. नीति कार्यान्वयन रणनीति .......... 12
९. समन्वय, अनुगमन तथा मूल्याङ्कन .......... 13
१०. नीतिको पुनरावलोकन .......... 13

## १ पृष्ठभूमि

प्रदेश नं. ५ भौगोलिक विषमता, भौगोर्भिक अवस्था, वर्षाको प्रवृत्तिमा आइरहेको परिवर्तन, जलवायु परिवर्तन र अव्यवस्थित विकास निर्माणका कारण निरन्तर दोहोरिरहने प्राकृतिक प्रकोपका घटनाबाट उत्पन्न विपद्को जोखिममा रहेको छ । यो प्रदेश बाढी, डुबान, पहिरो तथा भूस्खलन, असिना, हुरीबतास, शीतलहर, तातोहावाको लहर, चटयाङ्, अतिवृष्टि, अनावृष्टि, भूकम्प, हिमपातजस्ता प्राकृतिक प्रकोपबाट प्रभावित हुने गर्दछ । यसैगरी, सडक दुर्घटना, महामारी, खाद्य सङ्कट, कीट वा सुक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, सर्पदंष, वन्यजन्तुको आतङ्क, खानी, हवाइ जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्यास, रसायन वा विकिरण चुवाहट, ग्यास विस्फोटन, विषाक्त खाद्य सेवन, वातावरण प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा विपद् उद्धार कार्यमा हुने दुर्घटनाजस्ता गैरप्राकृतिक प्रकोपहरूको प्रभाव पनि उल्लेख्य छ । सन् १५०५ मा गएको लो मुस्ताङ्ग र वि. सं. २०७२ वैशाख १२ मा गएको गोरखा भूकम्पले यस प्रदेशमा पनि असर गरेको थियो । वि. सं. २०७४ को बाढी तथा २०७६ मा रोल्पा र गुल्मी जिल्लामा गएका पहिरोले जनधनको ठूलो क्षति तथा नोक्सानी गरेको थियो । प्रदेशमा विशेषगरी बुटवल, तुल्सीपुर, घोराही, गोरुसिङ्गे, तानसेन, चनौटाजस्ता तराई क्षेत्रमा भइरहेको जनसङ्ख्या वृद्धि, अव्यवस्थित शहरीकरण, गरिबी, विपद् व्यवस्थापन सम्बन्धी चेतनाको कमी तथा असंवेदनशील विकासका कार्यहरूले गर्दा विपद् तथा सामाजिक सङ्कटासन्नतामा वृद्धि भई विभिन्न विपद्को जोखिम तीव्र रूपमा वृद्धि भइरहेको छ ।

मुलुकको संवैधानिक प्रावधान र सङ्घीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यलाई योजनाबद्ध र व्यवस्थित गर्न नीतिगत कानूनी तथा संस्थागत व्यवस्था गरेका छन्। नेपाल पक्ष राष्ट्र रहेको अन्तराष्ट्रियस्तरमा तय भएका रणनीतिहरूलाई पनि आधार मानेर नीति तथा कार्ययोजना तयार गरी लागू गरिँदै आएको छ । विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापन सम्बन्धी कृयाकलापहरूलाई क्षेत्रगत रूपमा नै सम्बोधन गर्न नेपाल सरकारले सङ्घीय तहमा आवश्यक ऐन तथा रणनीति कार्यान्वयनमा ल्याएको छ । त्यसैगरी, विषयगत रूपमा भू-उपयोय, जलउत्पन्न प्रकोप व्यवस्थापन, कृषि विकास, वस्ती विकास, जलवायु नीति, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मार्गदर्शन, राष्ट्रिय शहरी विकास रणनीति पनि लागू भएका छन् । यसका साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७४ महत्वपूर्ण कानूनी व्यवस्था हुन् । विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७४ ले व्यवस्था गरेका प्रदेश विपद् व्यवस्थापन परिषद् एवं कार्यकारी समिति, जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समिति नयाँ संस्थागत व्यवस्थाका रूपमा रहेका छन् ।

खासगरी, नेपाल पक्ष राष्ट्र रहेको विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा, दिगो विकास लक्ष्य, जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौतालाई स्थानीयकरण गर्नु आवश्यक छ । नेपालले अन्तराष्ट्रिय सन्धि सम्झौता एवं राष्ट्रिय आवश्यकता अनुरुप तयार गरी लागू गरेका राष्ट्रिय रणनीतिको कार्यान्वयनबाट प्राप्त सिकाई, सेण्डाई कार्यढाँचा, गोरखा भूकम्प २०७२, वि. सं. २०७४ को बाढी, २०७६ को रोल्पा र गुल्मीको पहिरोको सिकाई तथा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० लाई आधार मानी प्रदेशमा निहीत प्रकोप एवं जलवायु परिवर्तनबाट उत्पन्न जोखिमको न्यूनीकरण, सम्भावित जोखिमको अल्पीकरण एवं न्यूनीकरण तथा विकास प्रक्रियामा विपद् जोखिम मूलप्रवाहीकरण गरी जोखिम न्यूनीकरणका माध्यमबाट "समृद्ध प्रदेश सुखी प्रदेशवासी" को अवधारणालाई मूर्तरूप दिन यस विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापन प्रादेशिक नीति, २०७६ लागू गरिएको छ ।

## २ दिर्घकालीन सोच

प्रदेशलाई विपद् जोखिमबाट सुरक्षित, जलवायु परिवर्तनमा अनुकूलित तथा दिगो विकासमा योगदान गरी उत्थानशीलता अभिवृद्धि गर्नु यस नीतिको दीर्घकालीन सोच रहेको छ ।

## ३ ध्येय

प्राकृतिक तथा गैरप्राकृतिक प्रकोप र जलवायु परिवर्तनका कारण उत्पन्न हुनसक्ने विपद् जोखिमलाई न्यूनीकरण गरी क्षति र नोक्सानीमा उल्लेख्य कमी गर्दै प्रदेशको विपद् उत्थानशीलता अभिवृद्धि गरी समृद्ध प्रदेशको रूपमा विकास गर्नु यो नीतिको ध्येय रहेको छ।

## ४ लक्ष्य

विपद् र जलवायु परिवर्तनबाट उत्पन्न जोखिमका कारण हुने मानवीय मृत्युदर तथा प्रभावित व्यक्तिहरूको सङ्ख्या कम गर्दै जीवन निर्वाहका साधन, स्वास्थ्य र शिक्षालगायतका आधारभूत पूर्वाधार र सेवा क्षेत्रमा हुने क्षति, नोक्सानी र अवरोध हटाएर उत्थानशील प्रदेशको निर्माण गर्नु यस नीतिको लक्ष्य रहेको छ ।

## ५ उद्देश्यहरू

प्रदेश नं. ५ मा प्राकृतिक तथा गैरप्राकृतिक प्रकोप र जलवायु परिवर्तनका कारण उत्पन्न विपद्ले उत्पन्न गर्न सक्ने जोखिम कम गरी व्यक्तिको जीवन, सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन, उत्पादनका साधन, भौतिक एवं सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षति र नोक्सानी घटाएर प्रदेशको उत्थानशीलता बढाउनु यस नीतिको मूख्य उद्देश्य रहेको छ । यस नीतिका अन्य उद्देश्यहरू निम्नानुसार छन्:

५.१ यस प्रदेशमा निहीत विपद् जोखिम सम्बन्धी जानकारी सबै प्रदेशवासीमा पुर्याउँदै विपद् जोखिमको बुझाइमा अभिवृद्धि गर्ने ।

५.२ प्रदेशमा जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक तथा समाजिक समावेशीकरणको मान्यता अवलम्बन गर्दै विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण गर्ने।

५.३ दिगो विकासको अवधारणा अनुरुप विपद् जोखिम न्यूनीकरणलाई जलवायु परिवर्तन अनुकूलनका कृयाकलापसँग एकाकार गर्दै प्रदेशको समग्र विकास प्रकृयामा मूलप्रवाहीकरण गर्ने ।

५.४ विपद् उत्थानशीलता अभिवृद्धि गर्न विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक एवं नीजि क्षेत्रको साझेदरी तथा लगानी वृद्धि गर्ने ।

५.५ प्रदेशस्तरमा विपद् व्यवस्थापन सूचना प्रणालीको विकास एवं सुदृढीकरण तथा बहूप्रकोप सूचना प्रणालीको विकास एवं विस्तार गरी विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने ।

५.६ विपद् जोखिम हिस्सेदारी, बिमा तथा सामाजिक सुरक्षामार्फत् उत्थानशीलता अभिवृद्धि गर्ने ।

५.७ विपद् पश्चातको पुनर्लाभ, पुनःस्थापन र पुनर्निर्माणका कार्यहरूमा "अझ राम्रो र अझ बलियो" अवधारणा प्रवर्द्धन गर्ने ।

५.८ बहूप्रकोप जोखिम आँकलनमार्फत् जोखिमबारेको बुझाइको क्षमता अभिवृद्धि गर्ने ।

**६ अवधारणा**

विपद् जोखिम न्यूनीकरण प्रादेशिक नीति देहायका अवधारणाहरूलाई अधार मानेर तय गरिएको छ:

६.१ नेपालको संविधानले व्यवस्था गरेको भूमिका एवं जिम्मेवारी बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरूमा संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय एवं सहकार्यको सिद्धान्तलाई अवलम्बन गर्ने ।

६.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषदबाट स्वीकृत नीतिगत व्यवस्थालाई अवलम्बन गर्ने ।

६.३ विपद् जोखिम न्यूनीकरणका कार्यमा सबै सरोकारवालाको संलग्नता तथा साझेदारी सुनिश्चित गर्दै विपद् सुशासनको सिद्धान्तअनुरुप सहभागिता, जवाफदेहिता र पारदर्शितालाई आत्मसात गरी लैङ्गिक तथा सामाजिक समावेशीकरणको सिद्धान्त अवलम्बन गर्ने ।

६.४ बहूप्रकोप विपद् जोखिम व्यवस्थापन एवं जोखिम संवेदनशील विकासको प्रवर्द्धन गर्ने अवधारणा अवलम्बन गर्ने ।

६.५ स्थानीय साधन स्रोत, ज्ञान र शीपको पहिचान गरी आधुनिकीकरण सहित अत्यधिक उपयोग र स्थानीय विशेषता अनुरुप आधुनिक विज्ञान तथा प्रविधि प्रयोगको अवधारणा अवलम्बन गर्ने ।

६.६ सार्वजनिक लगानीमा वृद्धि गर्दै निजी लगानीमार्फत् वित्तीय लगानी बढाउने अवधारणा अवलम्बन गर्ने ।

६.७ विपद् प्रतिकार्य, पुनर्लाभ, पुनःस्थापन तथा पुननिर्माणमा "अझ राम्रो र अझ बलियो" अवधारणा अवलम्बन गर्ने ।

## ७ नीति

विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापन सम्बन्धमा यस नीतिले लिएको सोच, ध्येय, लक्ष्य र उद्देश्य प्राप्तिका लागि प्रदेशले देहायका नीति अवलम्बन गर्नेछ:

### ७.१ विपद् जोखिम आँकलन एवं बुझाइ

क. प्रदेश, जिल्ला तथा स्थानीय तहमा प्राकृतिक एवं गैरप्राकृतिक प्रकोप बमोजिमको जोखिम लेखाजोखा एवं नक्साङ्कन गरिनेछ ।

ख. संघीय सरकारसँग समन्वय गरी प्रदेशमा हुनसक्ने प्राकृतिक एवं गैरप्राकृतिक प्रकोपहरूको निरन्तर र सुक्ष्म अनुगमन एवं मापन गरिनेछ ।

ग. आगलागी, बाढी, पहिरो, शीतलहर एवं भूकम्प सम्भावित क्षेत्रहरूको पहिचानद्वारा प्रकोप सङ्कटासन्नता मापन गरी क्षेत्र निर्धारण गरिनेछ । त्यसैगरी, सङ्कटउन्मुख समुदायको पहिचान गरी त्यस्ता समुदायको क्षमता अभिवृद्धि तथा आवश्यकता अनुसार स्थान्तरण गर्ने नीति अवलम्बन गरिनेछ ।

घ. सडक सुरक्षा लेखापरीक्षण ~~(Road Safety Audit)~~ गरी सडक दुर्घटनाका सम्भावित क्षेत्रहरू तथा ब्ल्याक स्पोट् ~~(black spot)~~ को पहिचान गरी नक्साङ्कनको आधारमा प्रकोपनिहीत सडक-खण्ड पहिचान गरिनेछ र त्यससम्बन्धी सूचनालाई सम्बन्धित स्थानमा सार्वजनिक गरी दुर्घटना न्यूनीकरणका उपाय अवलम्बन गरिनेछ ।

ङ. शिक्षा, स्वास्थ्य, खानेपानी, अवास, यातायात, सञ्चार ऊर्जा लगायतका सेवामूलक तथा कृषि, वन, उद्योग, पर्यटनसमेतका उत्पादनमूलक क्षेत्रका पूर्वाधार र ऐतिहासिक, आर्थिक एवं साँस्कृतिक सम्पदामा निहीत विपद् जोखिम लेखाजोखा तथा नक्साङ्कन गरी जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ ।

च. संघीय सरकारको समन्वयमा प्रदेशका जिल्ला तथा स्थानीय तहको दूरसंवेदन प्रणाली, भौगोलिक सूचना प्रणाली र खुला स्रोत प्रविधिमा आधारित आधुनिक प्रविधियुक्त विपद् व्यवस्थापन सूचना प्रणाली विकास गरी आमसमुदाय तथा सरोकारवालाहरूको विपद् व्यवस्थापन सूचना प्रणालीमा पहुँच सुनिश्चित गरिनेछ ।

छ. भौगोलिक सूचना प्रणालीमा आधारित घरधुरी तथा जनसङ्ख्या, शैक्षिक संस्था, स्वास्थ्य संस्था, सडक, सञ्चार, खानेपानीजस्ता अत्यावश्यक पूर्वाधार लगायत खुल्ला क्षेत्रको विस्तृत तथ्याङ्क तयार गरिनेछ ।

ज. प्रदेशस्तरमा विपद् जोखिमको अध्ययन अनुसन्धान, प्रकोपको रोकथाम, पूर्वतयारी, खोज, उद्धार तथा राहत एवं विपद् पश्चातको पुनर्निर्माण तथा पुनःस्थापना सम्बन्धी क्षमता विकासका लागि "प्रदेश विपद् व्यवस्थापान, अनुसन्धान तथा तालिम केन्द्र" को स्थापना गरिनेछ ।

झ. विपद् व्यवस्थापनको अध्यय एवं अनुसन्धानका लागि विश्वविद्यालय, सरकारी निकाय, विकास साझेदार, रेडक्रस अभियानका अङ्गहरू, गैरसरकारी संस्था, निजी क्षेत्र तथा अन्य सरोकारवालाहरूबीच सहभागिता एवं सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

ञ. विपद्सम्बन्धी शिक्षा, जानकारी, सचेतना र सिकाइ समुदाय स्तरसम्म पुर्याउन जनचेतनामूलक तथा सूचनामूलक कार्यक्रमहरू तयार गरी सूचना तथा सञ्चारका माध्यमहरूको प्रयोगबाट प्रचारप्रसार गरी जनचेतना अभवृद्धि गरिनेछ ।

ट. विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापन तथा जलवायु परिवर्तन र अनुकूलनका विषयलाई विद्यालयस्तर देखि विश्वविद्यालय स्तरसम्मको शैक्षिक पाठ्यक्रममा समावेश गरिनेछ ।

ठ. व्यापारी, उद्योगी, व्यवसायी, उद्यमी लगायतका निजी क्षेत्रलाई विपद् जोखिम न्यूनीकरणमा उनीहरूको जिम्मेवारीबोध गराउँदै जवाफदेहिता एवं सहभागिता सुनिश्चित गरिनेछ ।

ड. समुदायको विपद्सम्बन्धी जनचेतना स्तर अभिवृद्धि गर्न विभिन्न प्रकोपहरूको जानकारी प्रदान गर्न मोडल एवं मल्टीमेडिया प्रविधियुक्त सामुदायिक विपद् अध्ययन केन्द्रको स्थापना एवं विकास गरिनेछ ।

### ७.२ विपद् जोखिम शासकीय पद्धति

क. प्रदेश, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन गरिनेछ ।

ख. प्रदेशस्तरमा विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापनका लागि प्रदेश विपद् व्यवस्थापन प्राधिकरण स्थापना गरिनेछ ।

ग. प्रदेश, जिल्ला र स्थानीयतहमा आपत्कालीन कार्यसञ्चालन केन्द्र एवं स्वास्थ्य आपतकालीन केन्द्रहरूको स्थापना, विकास र राष्ट्रिय तहको आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग सञ्जालीकरण गरी तिनीहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ । आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यसञ्चालन कार्यविधि बनाई कार्यन्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

घ. विपद् जोखिम न्यूनीकरणका कार्यहरूलाई संस्थागत गर्न प्रदेश विपद् व्यवस्थापन ऐन तयार गरी लागू गरिनेछ ।

ङ. सुरक्षित सडकको अवधारणालाई कार्यान्वयन गर्न सडक सुरक्षा लेखापरीक्षण गरी प्रादेशिक सडक सुरक्षा रणनीति तयार गरी लागू गर्ने र सार्वजनिक यातायात सुरक्षा सम्बन्धी नियमहरूलाई कडाइका साथ लागू गर्ने नीति अवलम्बन गरिनेछ ।

च. विकासका समग्र परियोजनाहरूमा बहूप्रकोप जोखिम प्रभाव मूल्याङ्कन गरी सम्भाव्य जोखिमलाई न्यूनीकरण गर्न मार्गदर्शन तयार गरी लागू गरिनेछ ।

छ. संघीय सरकारको समन्वय एवं सहकार्यमा एकीकृत जलस्रोत व्यवस्थापनको सिद्धान्त अनुरुप नदी व्यवस्थापन तथा अन्तरसम्बन्धलाई सम्बोधन गर्ने गरी माथिल्लो तथा तल्लो तटीय क्षेत्रअनुरुप भू तथा जलाधार संरक्षण सम्बन्धी गुरुयोजना बनाई कार्यान्वयन गर्ने नीति अवलम्बन गरिने छ ।

ज. संवेदनशील भौगर्भिक बनावट एवं अत्यधिक दोहनका कारण चुरे क्षेत्रमा उत्पन्न भएको जोखिम न्यूनीकरणका लागि संघीय सरकारको गुरुयोजनालाई आवश्यक समन्वयसाथ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

झ. नदीजन्य निर्माण सामग्री, भूमिगत जलस्रोत, सतही जलस्रोत, खनिज स्रोत, ढुङ्गा, माटो, वालुवाजस्ता प्राकृतिक स्रोतहरूको उत्खनन विपद् जोखिम प्रभावको मूल्याङ्कन गरी निश्चित मापदण्डअनुसार गरिनेछ ।

ञ. भूकम्पीय जोखिमबाट सुरक्षित भवन निर्माण कार्यलाई प्रोत्साहन गर्न राष्ट्रिय भवन निर्माण संहितालाई समय र परिस्थिति अनुसार परिमार्जन गरी कडाइकासाथ लागू गरिनेछ ।

ट. विकास निर्माणका ठूला भौतिक पूर्वाधारहरूको सम्भाव्यता अध्ययन, परियोजना तर्जुमा, डिजाइन, निर्माण र व्यवस्थापनमा विपद् जोखिम तथा जलवायु परिवर्तनको प्रभावसम्बन्धी अध्ययन गरी विपद् उत्थानशील तथा जलवायु परिवर्तन अनुकूलित भौतिक पूर्वाधार नीति अवलम्बन गरिनेछ ।

ठ. उत्थानशील समाजको निर्माणका लागि विपद् सुरक्षित एवं जलवायु परिवर्तन अनुकूलित संस्कृति प्रवर्द्धन र अवलम्बन गरिनेछ ।

ड. विपद् जोखिम न्यूनीकरणका सबै चरण तथा संरचनामा समावेशी सिद्धान्तअनुरुप महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र आर्थिक तथा सामाजिक रूपले पछाडि परेका समुदायको पहुँच, सार्थक प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

ढ. सरकारी कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था, सामुदायिक भवन, आश्रयस्थललगायतका सार्वजनिक भौतिक संरचनाहरू विपद् संवेदनशीलताको अवधारणा अनुरुप विपद् उत्थानशील, जेष्ठ नागरिकमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री एवं बालमैत्री बनाउने नीति अवलम्बन गरिनेछ ।

ण. प्रदेशस्तरमा विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन क्षेत्रमा कार्यरत सम्पूर्ण सरोकारवालाहरूको विपद् जोखिम न्यूनीकरण सञ्जाल स्थानीय तहसम्म विस्तार एवं सुदृढीकरण गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण सञ्जालसँग सञ्जालीकृत गरिनेछ ।

त. प्रदेशस्तरमा विपद् जोखिम न्यूनीकरणको शासकीय क्षमता पहिचान गरी क्षमता अभिविद्धका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

थ. प्रदेश तथा स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनसम्बन्धी कृयाकलापहरूको प्रभावकारी रूपमा अनुगमन तथा मूल्याङ्कन गर्न समावेशी संयन्त्र स्थापना गरिनेछ ।

द. निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्था, स्वास्थ्य संस्था एवं उद्योग तथा व्यवसायिक भौतिक पूर्वाधारहरू विपद् संवेदनशील, जेष्ठ नागरीकमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री एवं बालबालिकामैत्री बनाइने नीति अवलम्बन गरिनेछ ।

**७.३ विपद् जोखिम न्यूनीकरणमा लगानी प्रवर्द्धन**

क. सङ्कटउन्मुख समुदायको विपद् उत्थानशीलता अभिवृद्धि गर्न आवश्यकतानुसार जीविकोपार्जनसँग सम्बन्धित सीप विकास, कृषि उत्पादन, उद्यमशीलता एवं स्वास्थ्य, शिक्षा, सचेतनासम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी गुणस्तरीय जीवनस्तरको विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

ख. कृषि उत्पादनमा विपद् जोखिम एवं जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्दै उत्पादित वस्तुहरूको बजारीकरण गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

ग. शैक्षिक संस्था, सामुदायिक भवन एवं खुल्ला स्थानहरूको पहिचान, छनोट र प्राप्तिपश्चात आवश्यक पूर्वाधारहरू निर्माण एवं स्तरोन्नती गरी विपद्को समयमा आश्रयस्थलको रूपमा उपयोग गर्ने नीति अवलम्बन गरिनेछ।

घ. रणनीतिक महत्वका सडकमार्ग र विमानस्थलहरूलाई संरचनात्मक, सञ्चालनात्मक एवं प्राविधिक दृष्टिकोणले क्षमता अभिवृद्धि गरिनेछ ।

ङ. प्रदेशमा विपद् जोखिम आँकलन, न्यूनीकरण, पूर्वतयारी, खोज, उद्धार तथा राहतलगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्न विपद् व्यवस्थापन कोषको स्थापना गरी विपद्का सबै चरणमा परिचालन गरिनेछ ।

च. उत्पादनमूलक, सामाजिक पूर्वाधार, प्राकृतिक स्रोत तथा वातावरण, लैङ्गिक तथा सामाजिक समावेशीकरण र सुशासन एवं सञ्चारजस्ता सबै क्षेत्रगत सरकारी निकायहरू ले वार्षिक बजेटको निश्चित प्रतिशत विपद् जोखिम न्यूनीकरणका लागि छुट्याउने नीति अवलम्बन गरिनेछ ।

छ. उद्योग, कलकारखाना, व्यवसाय, बैंक, सहकारी तथा वित्तीय संस्था बिमा कम्पनी लगायतका निजी क्षेत्रको व्यवसायिक सामाजिक दायित्व अनुरुप अर्थपूर्ण सहभागिता गराउने नीति अन्तर्गत लाभांशको निश्चित प्रतिशत रकम विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापनमा लगानी गर्नु पर्ने नीति अवलम्बन गरिनेछ ।

ज. हरित तथा जैविक ~~(Organic)~~ उत्पादन एवं बजारीकरणमा लगानी प्रवर्द्धन गर्ने तथा यस क्षेत्रका उद्योग, कलकारखाना एवं व्यवसायीलाई विशेष प्रोत्साहन गर्ने नीति लिइनेछ।

झ. सरकारी, विकास साझेदार, गैर सरकारी तथा अन्य संस्थाहरूका परियोजनामा विपद् जोखिम न्यूनीकरणका सवालहरूको अनिवार्य सम्बोधन गर्ने नीतिगत व्यवस्था अवलम्बन गरिनेछ ।

ञ. विपद्को सङ्कटतर्फ उन्मुख समुदायको विपद् जोखिममा हिस्सेदारी तथा जोखिम हस्तान्तरणका लागि कृषि, पशुपन्छी, व्यापार, व्यवसाय तथा व्यवसायिक कर्जाको बिमा गराउन प्रोत्साहन गर्ने तथा विपद् प्रभावितलाई छुट तथा सहुलियत कर्जाको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ ।

ट. विपद्का घटनाबाट निजी, सरकारी तथा सामुदायिक भवन, शैक्षिक तथा स्वास्थ्य सम्बन्धी संरचनाहरू खानेपानी, सञ्चारलगायतका भौतिक संरचनाहरूमा पुग्न सक्ने क्षितको परिपूर्तिका लागि बिमा गर्न प्रोत्साहन सहितको नीति अवलम्बन गरिनेछ ।

ठ. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा विपद् जोखिम न्यूनीकरण एवं जलवायु परिवर्तन अनुकूलनलाई समाहित गरिनेछ ।

**७.४ विपद् पूर्वतयारीको सुदृढीकरण**

क. प्रदेश, जिल्ला एवं स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूलाई विपद् जोखिमको प्रकृतिको आधारमा साधन, स्रोत र अत्याधुनिक उपकरणसहितको जनशक्तिको विकास गरी घटना व्यवस्थापन पद्धतिलाई सुदृढ बनाउने नीति लिइनेछ ।

ख. प्रभावकारी विपद् प्रतिकार्यका लागि राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचामा आधारित प्रदेश तथा स्थानीय तहको विपद् प्रतिकार्य कार्ययोजना तयार गरिनेछ ।

ग. सबै स्थानीय तहमा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गरी स्थानीय ज्ञान, सीप, स्रोत र साधनको अधिकतम उपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

घ. प्रदेश, जिल्ला र स्थानीय तहहरूमा विपद् पूर्वतयारी योजना र विपद् प्रतिकार्य कार्ययोजना तयार गरी लागू गरिनेछ । साथै सरकारी, निजी तथा गैरसरकारी क्षेत्रहरूको व्यवसाय निरन्तरता योजना बनाई कार्यान्वयन गरिनेछ ।

ङ. सबै स्थानीय तहहरूमा खुल्ला क्षेत्रको पहिचान, विकास तथा व्यवस्थापन गरी जोखिमयुक्त वस्तीका सङ्कटउन्मुख समुदायका लागि व्यवस्थित एवं सुरक्षित आश्रयस्थल निर्माण गरी विपद् प्रतिकार्य क्षमता अभिवृद्धि गरिनेछ ।

च. प्रदेशस्तरीय ट्रमा सेन्टर (Trauma Center) स्थापना गरिनेछ ।

छ. विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन भौगोलिक अवस्था एवं पहुँचलाई आधार मानेर उपयुक्त स्थानमा आपत्कालीन भण्डारणगृहको स्थापना गरी आवश्यक खोज, उद्धार तथा राहत सामग्रीको भण्डारण गरिनेछ। पहाडी क्षेत्रका सबै स्थानीय तहमा हेलिप्याड निर्माण गरिनेछ । साथै आगलागीको उच्च जोखिममा रहेका तराईका स्थानीय निकायहरूको हरेक टोलमा पोखरी निर्माण गरी आगलागी नियन्त्रण गर्ने नीति लिइनेछ।

ज. खानी तथा भूगर्भ विभाग, जल तथा मौसम विज्ञान विभागलगायत अनुसन्धान केन्द्रहरूसँग समन्वय गरी भूकम्प, बाढी, पहिरो, हावाहुरी, चट्याङ, हिमपात, खडेरीलगायतका प्रकोपहरूको पूर्वानुमानमा आधारित आधुनिक पूर्वसूचना प्रणाली स्थापना गरी संघ, प्रदेश, जिल्ला र स्थानीय तहको सहभागिता एवं सहकार्यमा सञ्चालन गरिनेछ ।

झ. प्रदेश र स्थानीय तहसम्म खोज, उद्धार तथा राहत वितरण टोली गठन गरी क्षमता विकास एवं विस्तार गरिनेछ ।

ञ. प्रदेश र स्थानीय तहमा प्राथमिक उपचार, प्रजनन स्वास्थ्यलगायतका अत्यावश्यक सेवाको सुनिश्चितता र लैङ्गिक हिंसा रोकथाम र व्यवस्थापनका लागि सेवा प्रदायक र सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

ट. विपद् प्रतिकार्यमा कृयाशील रहने स्वयंसेवकहरू परिचालन गर्न आवश्यक निर्देशिका तयार गरी परिचालन गर्न प्रोत्साहन गरिनेछ

ठ. विपद् प्रतिकार्यलाई व्यवस्थित गर्न प्रदेशमा प्रभावकारी सहभागिता हुनेगरी विषयगत क्षेत्रको अवधारणा अवलम्बन गरिनेछ । साथै विपद्ग्रस्त क्षेत्रको अवस्थानुसार स्थानीय तहमा पनि विषयगत क्षेत्रको अवधारणा अवलम्बन गरिनेछ ।

ड. विपद् पूर्वतयारी, पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणमा विपद् जोखिम उत्पन्न हुन नदिन विश्वव्यापी रूपमा स्वीकार गरिएको "अझ राम्रो र बलियो निर्माण" को अवधारणालाई प्राथमिकता साथ कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

ढ. प्रदेश, जिल्ला र स्थानीय तहमा कम्तीमा वर्षको एकपटक विपद्को प्रकृतिको आधारमा कृत्रिम घटना अभ्यासका माध्यमबाट पूर्वतयारीलाई सुदृढ बनाउने नीति लिइनेछ ।

ण. प्रदेश तथा स्थानीय तहमा विपद् पश्चातको क्षतिको लेखाजोखा एवं तथ्याङ्क व्यवस्थापन समन्वय इकाई ~~(Assessment and coordination team-ACT)~~ गठन गरी क्षमता विकास एवं विस्तार गरिनेछ ।

**८. नीति कार्यान्वयन रणनीति**

यस नीतिको कार्यान्वयनको लागि देहाय अनुसारका रणनीतिहरू अपनाइनेछः

८.१. यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजना, विपद् प्रतिकार्य कार्यढाँचा, विपद् प्रभाव मूल्याङ्कन मार्गदर्शन र अन्य आवश्यक योजना तर्जुमा गरी लागू गरिनेछ ।

८.२. विपद् उत्थानशीलता अभिवृद्धि गर्न प्रदेश सरकारका आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनको रूपमा लिइनेछ ।

८.३. प्रदेशका सबै विषयगत मन्त्रालय, सार्वजनिक निकायहरू, विकास साझेदार तथा निजी क्षेत्रको कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनको रूपमा लिइने छ ।

८.४. यस नीतिको कार्यान्वयनको लागि आवश्यक प्रादेशिक कानूनी तथा संस्थागत व्यवस्था गरिनेछ ।

८.५. यस नीतिको कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहमा आवश्यक बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

८.६. प्रदेश तथा स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७४ मा व्यवस्था गरेअनुसार आवश्यक संस्थागत संरचना निर्माण गरिनेछ ।

८.७. नीति कार्यान्वयन एवं व्यवस्थापन पद्धतिमा समयानुकूल सुधार गर्नका लागि सम्बन्धित विषयगत मन्त्रालय तथा निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा आवश्यकता अनुसार पुनर्संरचना गरिनेछ।

८.८. प्रदेशस्तरमा भौतिक पूर्वाधार योजनाको सम्भाव्यता अध्ययन, डिजाइन एवं कार्यान्वयनमा विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्न यस नीतिलाई आधारको रूपमा लिइनेछ ।

## ९. समन्वय, अनुगमन तथा मूल्याङ्कन

९.१. यस नीतिको प्रभावकारी कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहमा कार्यरत सरकारी नीजि, गैरसरकारी संस्था, रेडक्रस अभियानका अङ्गहरू, स्वयंसेवक, राजनीतिक दलहरू तथा अन्य सरोकारवालाहरूबीच समन्वय एवं सहकार्य गरिनेछ ।

९.२. प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले यस नीतिअनुसार भएको कार्यहरूको सूचक सहित अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

९.३. यस नीतिको अनुगमन तथा मूल्याङ्कन विपद् जोखिम न्यूनीकरणका उपायहरू अवलम्बन गर्दा जोगिएको जनधनको विवरण, जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि निर्माण गरिएका भौतिक संरचनाहरूबाट पुग्न गएको सुविधा र प्रतिफल, दिगोपन, प्रभावित समुदायको उत्थानशीलतामा आएको परिवर्तनजस्ता विषयहरूमा सूचक तयार गरी गरिनेछ ।

९.४. संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापनमा भए गरेका कार्यहरूको विवरण समेटी वार्षिक रूपमा अद्यावधिक गरी विपद् प्रतिवेदन प्रकाशन गरिनेछ ।

## १०. नीतिको पुनरावलोकन

यस नीतिलाई प्रदेश विपद् व्यवस्थापन परिषद्ले आवश्यकताअनुसार पुनरावलोकन गर्नेछ ।